# स्थानीय राजपत्र

सुस्ता गाउँपालिका द्वारा प्रकाशित

खण्ड ८) भाग : २ सुस्ता, श्रावण महिना ११ गते, २०८२ साल (संख्याः १

## भाग-२

## सुस्ता गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुस्ता गाउँ कार्यपालिकाकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०८२ सालको कार्यविधि नं. १

**सुस्ता गाउँपालिकाको नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गर्ने सम्बन्धी कार्यविधि, २०८२     गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०४।०८**

प्रस्तावना बिकास निर्माण लगायतका कार्यमा आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहन, अवैध उत्खनन तथा चोरी निकासीलाई निरुत्साहित गरि दिगो उपयोग एवं राजस्व सङ्कलनलाई ब्यबस्थित बनाउन वाच्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) (प)ले दिएको अधिकार प्रयोग गरि सुस्ता गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम " **सुस्ता गाउँपालिकाको नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गर्ने सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पास भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन"भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ लाई सम्झनु पर्छ।

(ख) "नदिजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन गरिएको ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले सुस्ता गाउँपालिका सम्झनु पर्छ ।

(घ) " मौज्दात" भन्नाले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा संकलन गरि बिक्रि वितरण पश्चात बाँकी रहेको नदिजन्य पदार्थको परिमाण सम्झनु पर्छ।

(ङ) "परिमाण" भन्नाले ढुङ्गा, गिट्टी, बालुवाको परिमाण सम्झनु पर्छ ।

(च) "अनुगमन समिति" भन्नाले गाउँपालिका भित्र नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को  मौज्दात परिमाण प्रमाणित गर्ने प्रयोजनको लागि गठन गरिएको गाउँपालिका स्तरीय अनुगमन समिति सम्झनु पर्छ ।

३. **नदिजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्रि :** (१) गाउँपालिकाको अनुमति बिना नदिजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्रि बितरण कार्य गर्न पाइने छैन यदि कसैले यस्तो कार्य गरे गराएमा प्रचलित कानुन बमोजिम हुने छ ।

४. **मौज्दात परिमाण प्रमाणित गर्नेः** (१) गाउँपालिका भित्र संचालित क्रसर उधोग, बालुवा प्रशोधन केन्द्र तथा नदिजन्य पदार्थको कारोवार तथा बिक्री वितरण गर्ने फर्म तथा सप्लायर्स र गाउँपालिकाले आब्हान गरेको ठेक्कामा सहभागी भै ठेक्का प्राप्त गर्ने ठेकेदार एवं सप्लायर्सले यस कर्यविधि बमोजिम मौज्दात बिवरण प्रमाणित नगरी बेचबिखन गर्न सक्ने छैन ।

(२) गाउँपालिकाले प्रदान गरेको अनुमति तथा एक आर्थिक बर्षमा आह्वान भएको आन्तरिक आयको ठेक्का कबोल गरि सम्झौता गर्ने फर्म तथा कम्पनीले उत्खनन् गरि सङ्कलन गरेको परिमाण र गाउँपालिकाबाट ठेक्का कबोल गरेको व्यवसायीबाट खरिद गरेको बिलको आधारमा उद्योग, क्रसर, फर्म/कम्पनी, प्रशोधन केन्द्र वा सप्लायर्सको बार्षिक रुपमा मौज्दात परिमाण प्रमाणित गरिनेछ पालिका भन्दा बाहिरबाट खरिद गरेको बिललाई आधार मानिने छैन ।

(३) नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गर्न ठेकदार कम्पनीले ठेक्का अबधि समाप्त भएको सात दिन भित्र तथा अन्य क्रसर, बालुवा प्रशोधन तथा नदिजन्य पदार्थको कारोवार गर्ने फर्म, कम्पनी तथा संस्थाले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले पन्ध्र दिन भित्र निबेदन दिनु पर्ने छ । सो अबधि पश्चात दिइएको निबेदन उपर कुनै कारवाही हुनेछैन ।

तर आर्थिक वर्ष ०८२।०८३ को हकमा यो कार्यबिधि स्वीकृत भए पश्चात प्रकाशित सूचना अनुसार हुनेछ ।

(४) मौज्दात परिमाण प्रमाणित गराउने दायित्व सम्बन्धित फर्म/कम्पनीको हुने छ ।

(५) मौज्दात परिमाण प्रमाणित गर्नको लागि अनुसूची - १ बमोजिमको ढांचामा निवेदन दिनु पर्ने छ ।

(६) प्राप्त निवेदनको आधारमा गाउँपालिकाले अनुसूची - २ बमोजिमको ढांचामा मौज्दात परिमाण प्रमाणित गरेको पत्र दिनेछ ।

(७) उपनियम (६) बमोजिम मौज्दात प्रमाणित पत्र दिनु अघि परिमाण एकिन गर्न गाउँपालिकाको अनुगमन समितिले प्राबिधिकको उपस्थितिमा आवश्यक नापजाँच पश्चात परिमाण एकिन गरी समितिले निर्णय गरे अनुसार

हुनेछ । निवेदकको निवेदन अनुसार परिमाण फरक परेमा प्रदेश आर्थिक ऐन एवं गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजस्व जरिवाना असुल गरि मौज्दात परिमाण प्रमाणित गर्न सक्ने छ ।

(८) यस कार्यविधि बमोजिम उद्योग, क्रसर, फर्म/कम्पनी, प्रशोधन केन्द्र वा सप्लायर्स मार्फत दिइएको निवेदन अनुसार मौज्दात परिमाण प्रमाणित गर्ने नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ, निवेदन दिएको भरमा मौज्दात परिमाण प्रमाणित गर्न गाउँपालिका बाध्य हुने छैन ।

(९) अनुगमन समितिले अनुगमनको क्रममा फेला पारेका बेबारिसे तथा मौज्दात परिमाण प्रमाणित नभएका नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) जफत गरि कानुन बमोजिम गर्नु पर्ने छ ।

५. **अनुगमन सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधि बमोजिम गाउँपालिका भित्र नदिजन्य पदार्थ मौज्दात परिमाण प्रमाणित गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक गाउँपालिका स्तरीय अनुगमन समिति गठन गरिने छ । समितिले आवश्यकता आनुसार अन्य व्यक्तिलाई आमन्त्रित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

| | |
|---|---|
| (क) उपाध्यक्ष | संयोजक |
| (ख) वडा अध्यक्षहरु सबै | सदस्य |
| (ग) कार्यपालिकाले तोकेको २ जना कार्यपालिका सदस्य | सदस्य |

(३)भौतिक पूर्बाधार शाखाले अनुगमन समिति सँग अनुगमनमा गई स्टक प्रमाणित को नाप जाँच गर्ने र त्यसको प्रतिवेदन तयार गर्नेछ ।

६. **थपघट तथा हेरफेर :** (१) यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर, खारेज वा संशोधन गर्न सक्नेछ ।

७. **बाधा, अड्काउ, फुकाउ** : (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अड्काउ आइपरेमा गाउँकार्यपालिकाको निर्णय अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ । (२) यस कार्यबिधिमा लेखिएदेखि बाहेकका कुराको हकमा नेपाल सरकारबाट जारी गरिएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम हुने छ ।

अनुसूची १

(दफा ४ को उपदफा (५) संग सम्बन्धित)

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सुस्ता गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) ।

**विषयः नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गरी पाँउ ।**

प्रस्तुत विषयमा यस आ.व...............मा संचालित ठेक्का पट्टा न................तथा.......................................खोलाखण्ड बाट सुस्ता गाँउपालिका वडा नं......मा रहेको......................... कम्पनी/सप्लायर्सले खरिद बिक्रि गरि बाकी रहेको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मौज्दात परिमाण प्रमाणित गरिदिनु हुन तपसिल बमोजिमका कागजातहरु संलग्न गरी निवेदन पेश गरेको छु ।

तसिल

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२. मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।
३. करचुक्ता वा म्याद थपको प्रमाणपत्रको प्रतिलिपी ।
४. नदीजन्य पदार्थ खरिद गरेको नगदी रसिद ।
५. मौज्दात परिमाण रहेको स्थान र जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी ।
६. जग्गा बहालमा लिएको भए सम्झौता पत्र वा मन्जुरीनामाको प्रतिलिपी ।

उलेखित विवरण ठिक साचो हो, झुठा ठहरिएमा प्रचलित कानुन बामोजिम सहुला बुझुला।

**निवेदक**

दस्तखतः
प्रोप्राईटरको नामः
कम्पनीको नामः
ठेगानाः
मोबाईल नं.
कम्पनीको छापः

अनुसूची २

(दफा ४ को उपदफा (६) संग सम्बन्धित)

सुस्ता गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कुडिया, नवलपरासी (ब.सु.प.), लुम्विनी प्रदेश, नेपाल

प.स.- मिति-

विषयः- मौज्दात परिमाणको विवरण उपलब्ध गराईएको सम्बन्धमा।

श्री ............... निर्माण/सप्लायर्स प्रा.लि.

उपरोक्त विषयमा तहाँ ........................................ ले दिएको निवेदन माग बमोजिम अनुगमन समितिको सिफारिस, स्थलगत मुचुल्का, प्राविधिक प्रतिबेदन र मिति....... को गाउँकार्यपालिकाको निर्णय अनुसार तहाँ सप्लायर्स/फर्मको आ.व. ............. मा तपसिल बमोजिमको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मौज्दात परिमाण रहेको व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

| सि.न. | सप्लायर्स/फर्मको नाम | मौज्दात परिमाण रहेको स्थान | मौज्दात परिमाण (घ.फु.) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |

..............................

प्रमुख प्रशासकीय अधिकृत

**नोट :** यो मौज्दात परिमाणको विवरण व्यवासायीले बुझाएको विवरणको आधारमा जारी गरिएको छ, यो प्रमाणपत्रमा लेखिएको विवरण र व्यवसायी संग भएको परिमाण नमिलेमा वा फरक परेमा त्यसको कानुनी दायित्व व्यवसायीको हुनेछ र प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

प्रमाणिकरण मितिः २०८२।०४।०९

आज्ञाले,

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत